# गोकुलगंगा गाउँपालिकाको
# संस्था दर्ता ऐन,
# २०७४

## गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपाकिको कार्यालय

रस्नालु ३, रामेछाप

प्रदेश नं. ३

गाउँसभाबाट स्वीकृत मितिः- २०७४/१२/०७

# गोकुलगंगा गाउँपालिकाको संस्था दर्ता ऐन, २०७४

## संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, शारिरिक, आर्थिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गोकुलगंगा गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भई यो ऐन बनाइएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम **"गोकुलगंगा गाउँपालिकाको संस्था दर्ता ऐन, २०७४"** रहेको छ ।
(२) यो ऐन गोकुलगंगा गाउँपालिका भित्र लागु हुनेछ ।
(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, शारिरिक, आर्थिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थपना भएको गैर नाफामुलक संघ संस्था, क्लब, मण्डल, परिषद, अध्यनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँनेछ ।
(ख) "स्थानीय अधिकारी" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(ग) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।
(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**(३) दर्ता नगरी संस्था खोल्न नहुने :** यस ऐन बमोजिम दर्ता नगरी कसैले संस्था स्थापना गर्न पाईने छैन ।

**(४) संस्था दर्ता :** (१) संस्था दर्ता गर्न कम्तीमा सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधान र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,
(ख) उद्देश्यहरु,
(ग)प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,
(घ) आर्थिक स्रोत ।
(ङ) कार्यालयको ठेगाना ।
(च) अन्य सम्वन्धित कागजातहरु ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जांचबुझ गरी संस्था दर्ता गर्न उचित लागेमा दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले संस्था दर्ता नगरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सुचना प्राप्त गरेको मितिले पैंतीस दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिकाको प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) वमोजिमको उजुर प्राप्त भएपछी गाउँपालिकाको प्रमुखले आवश्यक जांचबुझ गरी कानुनी प्रक्रिया पुरा भएको अवस्थामा त्यस्तो संस्था दर्ता गर्न  संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गर्न सक्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा, अवधि, नबीकरण र नबीकरण दस्तुर तोकिएबमोजिम हुनेछ ।

**५.संगठित संस्था मानिने :** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**६. संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा बिराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानुन बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता गर्ने :** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भईरहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र या ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. संस्थाको विधान संसोधन :** (१) संस्थाको विधान संसोधन गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले ततसम्बन्धि संसोधन प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको बिधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो  प्रस्ताव साधरण सभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव  लागु गर्न स्थानीय अधिकारीको पुर्व स्वीकृत लिनु पर्नेछ ।

**९. हिसाव विवरण पठाउनु पर्ने :** प्रवन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखापरिक्षणको प्रतिवेदन सहित प्रत्येक वर्षमा स्थानीय अधिकारी समक्ष पठाउनु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :** (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दाद सयकडा एक प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ  र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल उपर गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएको खण्डमा प्रचलित कानून बमोजिम हुनेछ ।

**११. निर्देशन दिने :** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (७) बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्तो संस्थाको प्रबन्ध समितिको सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही एक हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सान्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले एक हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी  काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन :** दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धीत अदालतमा पुनरावेदन लाग्ने छ ।

**१४. संस्थाको विघटन वा त्यसको परिणाम :** (१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणबश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पुर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

**१५. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**१६. प्रचलित ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा संघिय तथा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१७. खारेजी वा बचाउ :** (१) संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।